**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ जून २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगाल सरकारले राज्यमा थाँतीमा रहेका रेलवे परियोजनाहरु तिव्र रुपमा पूरा गर्नको लागि एक विशेष कार्यबलको गठन गरेको छ।
- राज्यका पंचायत मंत्री दिलीप घोषले ग्रामीण विकासलाई गति दिनु राज्य सरकारको प्राथमिकताहरुमा सामेल रहेको बताउनुभएको छ।
- आज सम्पूर्ण देशले महान स्वतन्त्रता सेनानी र धरती आबा भगवान बिरसा मुण्डाको पुण्यतिथिमा उहाँलाई श्रद्धाञ्जली अर्पण गरिरहेको छ।
- मुसुरी दाल धाँधली काण्डको निष्पक्ष जाँच गर्ने मांग गर्दै इण्डियन गोर्खा जनशक्ति फ्रण्टले भारत सरकारको जन गुनासो तथा पेन्सन मंत्रालय समक्ष उजुरी दर्ता गरेको छ।
- राज्यमा चाँड़ैनै मनसुनले प्रवेश गर्नसक्छ। परिस्थिति अनुकूल रहे आगामी दुई-तीन दिनभित्रै पश्चिम बङ्गालका केही भागहरूमा दक्षिण-पश्चिम मनसुन आइपुग्नसक्छ।

**रेलवे परियोजना- विशेष कार्यबल गठन**

पश्चिम बंगाल सरकारले राज्यमा थाँतीमा रहेका रेलवे परियोजनाहरु तिव्र रुपमा पूरा गर्नको लागि एक विशेष कार्यबलको गठन गरेको छ। यस कार्यबलमा राज्य सरकारको विभिन्न विभागहरुका प्रतिनिधिहरु साथै भारतीय रेलवेका अधिकारीहरुलाई पनि सामेल गरिएको छ ताकि परियोजनाहरुको कार्यन्वयनमा आईरहेको बाधाहरु हटाउन सकियोस्। राज्य सचिवालय नवान्नको सूत्रहरु अनुसार, यस कार्यबलको अध्यक्षता मुख्य सचिव मनोज कुमार अग्रवालले गरिरहनुभएको छ। यसमा गृह, परिवहन, भूमि अनि राजस्व विभागका वरिष्ठ अधिकारी सामेल छन् साथै पूर्व रेलवे, दक्षिण पूर्व रेलवे, पूर्वोत्तर सीमांत रेलवे, मेट्रो रेलवे अनि रेल विकास निगम लिमिटेडका प्रतिनिधिहरुलाई पनि यसमा सामेल गरिएको छ। कार्यबलमा कुल 20 सदस्य सामेल छन्। सूत्रहरु अनुसार यस कार्यबलको गठन गर्ने निर्णय गत सप्ताह केंद्रीय रेल मंत्री अश्विनी वैष्णवको कोलकाता यात्रा पछि लिईएको हो।राज्य सचिवालयको एक अन्य सूत्र अनुसार यस कार्यबलको गठन मुख्यमंत्रीको त्येस प्रतिबद्धताको पहिलो ठोस संकेत हो जस अन्तर्गत थाँतीमा रहेको रेलवे परियोजनाहरु चाडो भन्दा चाडो पूरा गर्ने दिशामा काम गरिनेछ। त्येही रेल मंत्रीले राज्यमा नयाँ दिल्ली देखि सिलगडीसम्म बुलेट ट्रेन सेवा शुरू गर्ने पनि घोषणा गर्नुभएको छ। यस बाहेक आगमो 5 बर्षहरुमा राज्यमा 60 वटा नयाँ रेलगाडी सेवाहरु शुरू गर्ने पनि योजना घोषित गरिएको छ।

**दिलीप घोष**

राज्यका पंचायत मंत्री दिलीप घोषले भन्नुभएको छ कि ग्रामीण विकासलाई गति दिनु राज्य सरकारको प्राथमिकताहरुमा सामेल छ। हावड़ा जिल्लाको उलूबेड़िया अन्तर्गत जुवारगुड़ी क्षेत्रमा आज महात्मा गांधी राष्ट्रीय ग्रामीण रोजगार गारंटी योजना (मनरेगा) अन्तर्गत विकास कार्यहरुको शुभारंभ गर्नुहुँदै दिलीप घोषले भन्नुभयो कि मनरेगा ग्रामीण क्षेत्रहरुमा रोजगारको एक महत्वपूर्ण माध्यम हो जसको कारण हजारौ मानिसहरुले काम पाउदछन्। पूर्वमा विभिन्न अनियमितताहरु अनि भ्रष्टाचारको आरोप्हरुको कारण यस योजनाको कार्यन्वयनमा प्रभाव परेको उहाले दावी गर्नुभयो। मन्त्रि घोषले भन्नुभयो – नयाँ सरकार बने पछि योजनाहरुको समीक्षा गरियो अनि आवश्यक समस्याहरुको समाधान गर्ने प्रयास गरियो त्येस पछि मनरेगा परियोजना अन्तर्गत कार्यहरु पुनः शुरू गरिएको छ। यस योजनाको लागि पर्याप्त धनराशि पनि उपलब्ध गराईएको उहाले जानकारी दिनुभयो,जसले गर्दा ग्रामीण क्षेत्रका मानिसहरुलाई रोजगारको नयाँ अवसर प्राप्त हुनेछ।

उहाले भन्नुभयो कि सरकारको लक्ष्य आम मानिसहरुको हितमा काम गर्नु रहेको छ अनि ग्रामीण विकासलाई गति दिनु सरकारको प्राथमिकता रहेको छ।

**सरकारको १२ वर्ष - स्वास्थ्य क्षेत्र**

प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा भारतले सबका साथ, सबका विकास, सबका विश्वास र सबका प्रयासको सिद्धान्तमा आधारित विगत १२ वर्षमा उल्लेखनीय प्रगति गरेको छ। यस अवधिमा सरकारले गरिब, किसान, महिला र युवाहरूको कल्याण र सशक्तिकरणका लागि धेरै प्रमुख योजनाहरू सुरु गरेको छ।आकाशवाणीले विगत १२ वर्षमा विभिन्न प्रमुख क्षेत्रहरूमा सरकारको प्रयासहरूमा विशेष श्रृंखला प्रस्तुत गर्दैछ।आजको विशेष कार्यक्रममा हामी स्वास्थ्य सेवाको क्षेत्रमा सरकारको पहलहरूको बारेमा छलफल गर्नेछौं।

प्रस्तुत छ एक रिपोर्ट ...बाइट

**भगवान बिरसा मुण्डा**

आज सम्पूर्ण देशले महान स्वतन्त्रता सेनानी र धरती आबा भगवान बिरसा मुण्डाको पुण्यतिथिमा उहाँलाई श्रद्धाञ्जली अर्पण गरिरहेको छ।भारतीय स्वतन्त्रता संग्रामको इतिहासमा,यस्तो नाम जसले जल, जंगल र जमिनको रक्षा गर्न ब्रिटिश शासनको जग हल्लाएका थिए। हामी धरती आबा, अर्थात् भगवान बिरसा मुण्डाको बारेमा कुरा गरिरहेका छौ।भगवान बिरसा मुण्डाले अंग्रेजहरूको दमनकारी कानूनको कडा विरोध गर्नका साथै, समाजमा फैलिएको धर्मांतरण र लालफिता-शाहीको विरुद्धमा पनि आवाज उठुनुभएको थियो। भगवान बिरसा मुंडाको पुण्यतिथिमा उपराष्ट्रपति सी. पी. राधाकृष्णन, प्रधानमंत्री नरेंद्र मोदी र गृह मंत्री अमित शाहले उहाँलाई श्रद्धांजलि अर्पित गर्नुभएको छ।

**मसुर दाल धाँधली**

मुसुरी दाल धाँधली काण्डको निष्पक्ष जाँच गर्ने मांग गर्दै इण्डियन गोर्खा जनशक्ति फ्रण्टले भारत सरकारको जन गुनासो तथा पेन्सन मंत्रालय समक्ष उजुरी दर्ता गरेको छ।गरिबी रेखा मुनिका परिवारहरूको लागि भारत सरकारको कम मूल्यमा दालहरू वितरण गर्ने योजनाहरू रहेको छ ।गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन तथा जीटीएले गत दिन 12,390 मेट्रिक टन मुसर दाल धाँधली गरेको आरटीआई रिपोर्टद्वारा खुलासा भएको छ। धाँधली भएको मसुर दालको जडसम्म पूग्नलाई इण्डियन गोर्खा जनशक्ति फ्रण्टको पक्षबाट फिन्जो वाङगेल गुरूङले भारत सरकारको जन गुनासो तथा पेन्सन मंत्रालय ,सीपी ग्राम्स पोर्टलमा ( CPGRAMS portal) उजुरी दर्ता गरेका छन्। उहाँ द्वारा दर्ता गरिएको उजुरीमा भारत सरकारको पीएसएफ बफ़र योजनाद्वारा ( PSF Buffer scheme) गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन तथा जीटीएलाई मसुर दाल आंवटन गरिएको साथै यसमा अनियमिता रहेको आर टी आई द्वारा खुलासा भएको बताईएको छ। आर टी आई रिपोर्ट अनुसार यसै बर्ष 3 जूनमा जीटीएले 12,390 मेट्रिक टन मसुर दाल उठाएको जानकारी उपभोक्ता मामिला विभागले जानकारी दिएको छ। गरीब जनताको नाममा आएको मसुर दाल कतिपय मानिसहरूले आफ्नो गोजी भर्न अन्त कतै लगिएको आशंका उत्पन्न भएको छ साथै यसमा ठूलो धाँधली भएको आशंका उत्पन्न हुन्छ। जीटीएले उठाएको 12,390 मेट्रिक टन मसुरी दालको जाँच हुन अति नै जरूरी रहेको आईजीजेएफको फिन्जो वाङगेल गुरूङ द्वारा सी पी ग्राम्समा दर्ता गरिएको इण्डियन गोर्खा जनशक्ति फ्रण्टका केन्द्रीय कार्यकारी सदस्य फिन्जो वाङगेल गुरूङले एक प्रेस बिज्ञप्ति मार्फत जानकारी दिनुभएको छ|

**अग्निमित्रा पाल**

राज्यका मंत्री अग्निमित्रा पाल आफ्नो तीन दिवसीय उत्तर बंगाल भ्रमणको अवधि आज जलपाईगडी पुग्नुभयो। पत्रकारहरुसित कुराकानीमा उहाले विभिन्न विकास परियोजनाहरु , अन्नपूर्णा योजना, अवैध कब्जा अनि कानून-व्यवस्थासित सम्बन्धित मुद्दाहरु माथि आफ्नो प्रतिक्रिया दिनुभयो।भ्रमणको पहिलो दिन उत्तरकन्यामा कार्यक्रम आयोजित गरिएको थियो , जबकि दोस्रो दिन दार्जिलिंग अनि कालेबुंगमा विभिन्न बैठकमा उहाले भाग लिनुभयो। आज बिहान जलपाईगडी पुग्नुभए पछि उहाले सीवेज ट्रीटमेंट प्लांट, गत वर्ष पानी जमेपछि प्रभावित बनेका क्षेत्रहरु तथा डंपिंग ग्राउंडको स्थितिको निरीक्षण गर्नुभयो। अन्नपूर्णा योजनाबारे उहाले स्पष्ट रुपमा भन्नुभयो कि प्रत्येक महिलाले बेग्ला-बेग्लै फॉर्म लिने आवश्यकता छैन।

महिलाहरुका लागि प्रस्तावित नि:शुल्क बस यात्रा सुविधाको सम्बन्धमा उहाले भन्नुभयो कि सरकारको उद्देश्य आवश्यकतामा रहेका महिलाहरुलाई राहत पुर्याउनु हो । अवैध कब्जा अनि भ्रष्टाचारको मुद्दाबारे मंत्रीले भन्नुभयो कि जमीन मात्र होइन तर तलावहरु अनि अन्य सरकारी संपत्तिहरुमा रहेका अवैध निर्माणको मामलाहरुको पनि जांच गरिनेछ अनि सबै पक्षहरुलाई आफ्नो पक्ष राख्ने अवसर पनि दिईनेछ ।उत्तर बंगालको चियाबगान क्षेत्रहरुमा मानव तस्करी अनि महिलाहरुको सुरक्षा बारे सोधिएको प्रश्नको उत्तरमा मंत्रीले उत्तरकन्यामा भएको बैठकमा यस विषय माथि विशेष रुपमा चर्चा गरिएको बताउनुभयो । उहाले अझ भन्नुभयो - रोकथाम उपचार भन्दा असल हो र यसैले संवेदनशील क्षेत्रहरुलाई पहिला चिन्हित गरेर जागरूकता अभियान चलाईनेछ । उहाले भन्नुभयो कि विभिन्न स्वयंम सहायता समूहहरु अनि सामाजिक संगठनहरुलाई पनि यस अभियानसित जोडिनेछ ताकि महिलाहरुलाई आत्मनिर्भर बनाउनको साथै सुरक्षा सम्बन्धि जागरूकता बढ़ाउन सकियोस् ।

**<u>बङ्गाल – मनसुन</u>**

राज्यमा चाँड़ै मनसुनले प्रवेश गर्नसक्छ। परिस्थिति अनुकूल रहे आगामी दुई-तीन दिनभित्रै पश्चिम बङ्गालका केही भागहरूमा दक्षिण-पश्चिम मनसुन आइपुग्नसक्छ। पछिल्लो केही दिनदेखि परिरहेको पानी र हावा-हुन्डरीले मानिसहरूले गर्मीबाट केही राहत पाएका छन्। मनसुनले प्रवेश गरेपछि आद्रता र गर्मी पनि घट्ने सम्भावना छ।मौसम विभाग अनुसार गत चार जूनको दिन केरलमा मनसुनले प्रवेश गरिसकेको छ। दक्षिण-पश्चिम मनसुनी हावाको प्रभावले त्यहाँ लगातार पानी परिरहेको छ। मौसम विभागको भनाइ अनुसार आगामी केही दिनमा दक्षिण-पश्चिम, पश्चिम-मध्य अनि उत्तर-पश्चिम बङ्गालको खाड़ीका अन्य भागहरूमा पनि मनसुन अगाड़ि बढ़्ने अनुकूल परिस्थिति उत्पन्न भएको छ। यस्तो स्थितिमा आगामी दुई-चार दिनभित्रमा पश्चिम बङ्गालका केही भागहरूमा मनसुनको आगमन हुनसक्छ। साथै छिमेकी राज्यहरू क्रमैले सिक्किम, ओडिशा तथा पूर्वोत्तर भारतका राज्यहरूमा पनि मनसुन पुग्ने सम्भावना छ।तथापि मौसम विभागले यो स्पष्ट पारेको छैन, कि पश्चिम बङ्गालका कुन-कुन क्षेत्रहरूमा सबैभन्दा पहिला मौसमको आगमन हुनेछ। सामान्यतः उत्तर बङ्गालमा सबैभन्दा पहिला मनसुनले प्रवेश गर्छ, त्यसपछि मात्र दक्षिण बङ्गालका अन्य जिल्लाहरूमा फैलिन्छ। पछिल्लो केही दिनदेखिको कोलकाता सहित दक्षिण बङ्गालका विभिन्न जिल्लाहरूमा हुरी एवं वर्षाको क्रम जारी छ। उत्तर बङ्गालका जिल्लाहरूमा पनि सप्ताहभरि नै वर्षा हुने सम्भावना छ।

**********